# त्रिभुवन विश्वविद्यालय
# नेपाल ल क्याम्पस

प्रदर्शनी मार्ग, काठमाडौं

पत्र संख्याः ..................

च.नं.: १०४।०७८।०७५

मितिः २०७८।०५।०४

## स्नातकोत्तर तह एलएल.एम पाँचौं सिमेष्टरको अन्त्य परीक्षा (Final Exam) को परीक्षा फाराम भर्ने तथा परिक्षा सम्बन्धि जरुरी सूचना ।

त्रि.वि. कानून संकाय डीनको कार्यालयद्धारा प्रकाशित सूचना अनुसार स्नातकोत्तर तह एलएल.एम (विहानी छ सिमेष्टर समूह) को **पाँचौं** सिमेष्टरको अन्त्य परीक्षा (Final Exam) मिति २०७८।०६।०१ देखि २०७८।०६।१४ गतेसम्म संचालन हुने भएकोले यहि मिति २०७८।०५।११ देखि २०७८।०५।१८ गतेसम्ममा नियमित तथा आंशिक परीक्षार्थीहरुले परीक्षा फाराम बुझाउन हुन अनुरोध छ । तोकिएको समय भित्र परीक्षा फाराम नबुझाउने विद्यार्थीहरुले मिति २०७८।०५।२० देखि २०७८।०५।२३ गतेसम्ममा दोव्वर दस्तुर जम्मा गरी फाराम बुझाउन सकिनेछ, साथै कुनै विद्यार्थीको सम्बन्धित सेमेष्टरमा भर्ना हुन बाँकी भएमा भर्ना गरी तोकिएको समय भित्र फारम बुझाउन जानकारी गराईन्छ । तोकिएको समय भित्र परीक्षा फाराम नबुझाउने विद्यार्थीहरुलाई परिक्षामा सामेल नगराईने समेत सूचीत गरिन्छ । परीक्षा तालिका यस क्याम्पसको सूचना पाटि तथा त्रि.वि. कानून संकाय डीनको कार्यालयको वेवसाईटमा हेर्न सकिने छ ।

**परीक्षा फाराम पाउने तथा वितरण हुने स्थानः** कानून केन्द्रीय विभाग ।

**परीक्षा फाराम शुल्कः** पूर्ण शुल्क तर्फ (छ सिमेष्टर समूह) रु. २,६००।-
**आंशिक तर्फका परीक्षार्थीहरुको लागि** रु. १,०००।- (परीक्षा फारम संगै अघिल्लो पटकको ग्रेडसिटको प्रतिलिपि समावेश गर्नु पर्नेछ ।

**रकम जम्मा गर्ने बैंकको नाम तथा खाता नं**

१.एन.आइ.सी. एशिया बैक लि. (छ सिमेष्टर समूह विहानी)
खाता नं. ५४४१०००६२२१५२४०५

(डा. डी.एन. पराजुली)
क्याम्पस प्रमुख

फोनः ९७७-०१-४२२५३५८, फ्याक्सः ९७७-०१-४२३२२३०७, इमेलः info@nlc.edu.np वेभसाईटः www.nlc.edu.np

# त्रिभुवन विश्वविद्यालय
# Tribhuvan University
## कानून संकाय
## FACULTY OF LAW

डीनको कार्यालय
DEAN'S OFFICE
मिति: २०७८।०५।०१
Date:

पत्र संख्या:-
Ref. No.
चलानी नं.:-

**स्नातक तह एलएल.एम. पाँचौं सिमेष्टर अन्त्य परीक्षा (Final Exam) को परीक्षा फारम भर्ने तथा परीक्षा तालिका (Examination Routine) सम्बन्धी सूचना।**

उपर्युक्त सम्बन्धमा त्रिभुवन विश्वविद्यालय कानून संकाय, डीनको कार्यालय काठमाडौंद्वारा २०७८ सालमा लिइने स्नातक तह एलएल.एम. पाँचौं सिमेष्टरको सिमेष्टर परीक्षा (Final Exam) सञ्चालन गर्ने सम्बन्धमा **परीक्षा फारम भर्नकोलागि सम्बन्धीत कलेजमा सम्पर्क गर्नु हुन तथा परीक्षाको तालिका** निम्न बमोजिम निर्धारण भएको हुँदा सम्बन्धित सबैको जानकारीकोलागि यो सूचना प्रकाशित गरिएको छ।

- परीक्षा फारम वितरण :- मिति २०७८।०५।११ देखी २०७८।०५।१८ गते सम्म।
- परीक्षा फारम शुल्क :- रू २,६००।- (अक्षेरूपी दुईहजार छ सय मात्र)।
  आँशिक तर्फका परीक्षार्थीहरूकालागि परीक्षा शुल्क : रू १०००।०० (अक्षेरूपी एक हजार मात्र)
  (आँशिक तर्फका परीक्षा फारम साथ अघिल्लो सिमेष्टरको ग्रेड सिट अनिवार्य संलग्न हुनु पर्नेछ।)
- दोब्बर दस्तुर तिरी फारम भर्न पाउने :- मिति २०७८।०५।२० गते देखि २०७८।०५।२३ गते सम्म।
- प्रवेश पत्र वितरण :- मिति २०७८।०५।२८ गते (सम्बन्धीत कलेजहरूबाट)।

**LL.M. 5th Semester Examination Routine and Time Table**

| S.N | Date | Subject |
|---|---|---|
| 1 | 2078/06/01<br>17th sept.021 | Constitutional Law-III (Law 292)<br>(Civil Liberties and Civil Rights) |
| 2 | 2078/06/04<br>20th sept.021 | International Law-III (Law 293)<br>(International Humanitarian Law) |
| 3 | 2078/06/07<br>23rd sept.021 | Commercial Law-III (Law 294)<br>(Laws on Foreign Investment and Arbitration) |
| 4 | 2078/06/10<br>26th sept.021 | Criminal Law-III (Law 295)<br>(Criminology) |
| 5 | 2078/06/14<br>30th sept.021 | Nepalese Environmental Law-I (Law 296) |

**परीक्षा हुने समय : बिहान ०७:०० बजे देखि १०:०० बजे सम्म।**

**परीक्षा केन्द्र : महेन्द्ररत्न क्याम्पस ताहाचल।**

**द्रष्टव्य:**

- परीक्षार्थीहरुले परीक्षा केन्द्रमा आउँदा तोकिएका नियमहरुको अक्षरस पालना गर्नु पर्नेछ। तोकिएका नियमहरुको अलावा संक्रमण रोगबाट सुरक्षित हुन मुहार छेक्ने (Face Shield), मास्क (Mask) र हातमा लगाउने सर्जिकल पन्जा (Surgical Gloves) साथै आफ्नो लागि सेनिटाईजर (Sanitizer) समेत आफैले व्यवस्था गर्नु पर्नेछ।
- एकान्तबास (Isolation) मा बसेका कुनै ब्यक्ति यस परीक्षामा सहभागी हुने भएमा एकान्तबासमा रहनु पर्ने नेपाल सरकारद्वारा तोकिएका स्वास्थ्य संस्थाको स्वास्थ्य प्रतिवेदन सहितको जानकारी परीक्षा हुने दिनको अघिल्लो दिनसम्म यस कार्यालयमा गराई सक्नु पर्नेछ। त्यस्ता परीक्षार्थीको हकमा अलग्गै बसेर परीक्षा दिने ब्यवस्था मिलाईने छ। अन्यथा त्यस्ता परीक्षार्थीलाई परीक्षामा समावेश गराइने छैन।
- बिशेष कारणवस परीक्षा अवधिमा कुनै सार्वजनिक बिदा पर्न गएमा पनि कानून संकाय डीनको कार्यालयको सूचना जारी नभएसम्म परीक्षा स्थगित वा प्रभावित हुने छैन।
- कुनै पनि बिषयको आन्तरीक परीक्षामा अनुतिर्ण बिद्यार्थीले परीक्षा दिन पाइने छैन अन्यथा त्यस्ता परीक्षार्थीहरुको परीक्षा जुनसुकै बखत स्वत: रद्द हुनेछ।

**यो सूचना www.fol.edu.np मा पनि हेर्न सकिनेछ।**

डीन
कानून संकाय